Regd. No.: 392/047/048


महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

**मितिः २०८०, श्रावण**

# महिला माथि भएका हिंसाको मासिक प्रतिवेदन श्रावण, २०८०


महिला पुर्नस्थापना केन्द्र, ओरेकले महिला हिंसारहित जीवन यापनका लागि पैरवी गर्ने तथ्यगत माध्यमबाट घटना अभिलेखन र प्रकाशनलाई प्राथमिकताका साथ केन्द्र, जिल्ला तथा परियोजना कार्यालयहरुमा तथ्याङ्क व्यवस्थापन गरि काम गर्दै आइरहेको छ । श्रावण महिनामा घटेका महिला हिंसाका घटनाहरुको विश्लेषण गर्दा समग्र तथ्याङ्कको (५५ प्रतिशत) २३३ जनामा सबै भन्दा बढी घरेलु हिंसा भएको तथ्याङ्कले देखाएको छ । महिलाहरु महिला भएकै कारणले विभिन्न हिंसा खेप्न बाध्य भएका छन् । परिवार, समाज र राज्यमा स्थापति पितृसत्तात्मक सोँच र सोही अनुरुप विभेदकारी मूल्य मान्यताका कारण हुने हिंसा महिलाले भोग्नैपर्ने नियती जस्तै बनेको छ । यो तथ्याङ्कबाट महिलाहरु घर परिवार जहाँ महिलाले धेरै सुरक्षा पाउनु पर्ने हो त्यस ठाँउमा नै बढी असुरक्षित भएको देखिएको छ । आफ्नो कार्यालयमा दर्ता भएका (२३३) र विभिन्न राष्ट्रिय पत्रपत्रिकाबाट प्राप्त (४५) का आधारमा श्रावण महिनामा लैङ्गिक भेदभावमा आधारित हिंसाका घटना दर्ता भएको छ ।

## क) हिंसाको प्रकार




ओरेकले सङ्कलन गरेको तथ्यांकलाई विश्लेषण गर्दा श्रावण महिनामा २३३ (५५ प्रतिशत) घरेलु हिंसाका घटना सङ्कलन भएका छन् । त्यस्तै, ३९ (१७ प्रतिशत) बलात्कार, ४ (२ प्रतिशत) सामूहिक बलात्कार, १ (१ प्रतिशत) बलात्कार प्रयास, ३ (१ प्रतिशत) वैवाहिक बलात्कार र २५ (११ प्रतिशत) यौन दुव्र्यवहारको तथ्याङ्क सङ्कलन भएको छ । त्यसैगरी २६ (११ प्रतिशत) सामाजिक हिंसा, १४ हत्या र १ (१ प्रतिशत) आत्महत्या १ (०.२६ प्रतिशत) र मानव बेचबिखनको प्रयास रिपोर्ट गरिएको छ।

## ख) प्रभावितको उमेरको आधारमा बर्गीकरण





उमेरका आधारमा विश्लेषण गर्दा २६ देखि ३५ वर्ष उमेर समूहका ६९ (३० प्रतिशत) युवती श्रावण महिनामा मात्रै हिंसाको सिकार भएको र ३६ वर्ष उमेर समूहका ६२ (२७ प्रतिशत) महिला हिंसाको सिकार भएको पाइएको छ । ४५ वर्षसम्म र १६ वर्ष मुनिका २ (१ प्रतिशत) केटी र किशोरी, ४६ देखि ५५ वर्ष उमेर समूहका २२ (९ प्रतिशत) महिला र ५६ वर्षभन्दा माथिका १५ (६ प्रतिशत) महिला हिंसाको सिकार हुन पुगेका छन ।

**ग) प्रभावितको पीडकसँगको सम्बन्ध**




पीडित र पीडकबीचको सम्बन्धलाई विश्लेषण गर्दा श्रावण महिनामा सबैभन्दा बढी ११२ (४८ प्रतिशत) पतिबाट हिंसाका घटना भएका छन् भने २९ (१२ प्रतिशत) हिंसा परिवारका सदस्यबाट भएका छन् । १४ (6 प्रतिशत) हिंसा छिमेकीहरूबाट भएको थियो। त्यसैगरी प्रेमी-प्रेमिकाबाट हिंसाका घटना ४ (२ प्रतिशत), अपरिचित व्यक्तिबाट हुने हिंसा २२ (९ प्रतिशत), साथीभाइबाट ४ (२ प्रतिशत) हिंसा, २८ (७ प्रतिशत) समुदायबाट हिंसाका घटना भएका छन् ।जबकि 9% हिंसा अन्य व्यक्तिहरू जस्तै चालक, आदि द्वारा भएको थियो ।

## घ) पीडक र उमेर




त्यस्तै, हिंसामा संलग्न पुरुषको उमेर विश्लेषण गर्दा श्रावण महिनामा २६ देखि ३५ वर्ष उमेर समूहका ६९ युवा (३० प्रतिशत) छन् । त्यस्तै, ६२ जना (२७ प्रतिशत) ३६ देखि ४५ वर्ष उमेर समूहका युवा छन् । ४३ जना (१८ प्रतिशत) १६ देखि २५ वर्ष उमेर समूहका पुरुष हुन्। त्यसैगरी ४६ देखि ५५ वर्ष उमेर समूहका ६२ (१३ प्रतिशत) युवा पुरुष, ५५ वर्षभन्दा माथिका २२ (९ प्रतिशत) पुरुष र १६ वर्ष मुनिका २ (१ प्रतिशत) किशोरकिशोरीहरू हिंसामा संलग्न थिए । त्यसैगरी २० जनाको उमेर थाहा थिएन (९ प्रतिशत) ।

Regd. No.: 392/047/048

# महिला पुनर्स्थापना केन्द्र (ओरेक)
## Women's Rehabilitation Center (WOREC)

**निश्कर्षः**

तथ्याँकको आधारमा विश्लेषण गर्दा महिला हिंसा सबैभन्दा बढी संख्यामा आफ्नो घरमा नै बढी जोखिममा रहेको पाईएको छ । जहाँ घरपरिवारका सदस्य, आफ्नो श्रीमान्, आफन्त र आफु बस्ने समाजबाट हुने हिंसाले महिलाहरु जहाँ छन् त्यहीँ नै असुरक्षित छन् भन्ने कुराको पुष्टी गर्दछ । अर्थात महिलाहरुको लागि सुरक्षित स्थान छैन जहाँ हिंसा खेप्न नपरोस् । यो आफैमा चुनौतीपूर्ण विषय हो । त्यसकारण घरेलु हिंसा तथा महिलामाथि हुने सबैखाले हिंसा अन्त्यका लागि व्यक्तिगत सोँच र व्यवहारमा परिवर्तन गर्नुपर्ने र यसका लागि स्थानीय तहदेखि नै हरेक घर सुरक्षित बनाउने अभियान सञ्चालन गर्नुका साथै मानव अधिकारको सम्मान गर्न दिगो विकास र समृद्ध नेपाल सुखी नेपालीको सपनालाई सकार पार्न महिला माथि हुने सबै प्रकारको हिंसा अन्त्य गर्नु अत्यन्त आवश्यक छ।

सुनिता मैनाली
निमित्त कार्यकारी निर्देशक

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org